# ग्लोबल आइएमई बैंक लिमिटेडको
# १६औं वार्षिक साधारण सभाको

## काम कारवाहीको विवरण

## (माईन्यूट)

१. **बैधानिक सभा:**

कम्पनी ऐन,२०६३ र बैंकको नियमावली बमोजिम बैंकको १६ औं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालज्यूको अध्यक्षतामा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका बिषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो ।

२. **सभाको मिति, स्थान र समय:**

**मिति : २०७६ साल मंसीर २३ गते शुक्रबार (तद्नुसार ९, डिसेम्बर २०२२)**

**स्थान : सिल्भर ओक बैंकेट एण्ड इभेन्ट्स सेन्टर, गैह्रीधारा, काठमाण्डौ ।**

**समय : दिनको १०.०० बजे ।**

३. **सभाको सूचना:**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार १६औं वार्षिक साधारण सभा हुने स्थान, मिति,समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिको लागि शेयरधनीहरुलाई सूचना पठाउनुका साथै सोही व्यहोराको सूचना मिति २०७९/०७/२९ गते मंगलबारको नागरिक राष्ट्रिय दैनिक र मिति २०७९/०८/१ गते बिहिवारको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा प्रकाशित गरिनुको साथै संचालक समितिले सो साधारण सभामा छलफलका लागि प्रस्तावित बिषयहरु सहित बैंकको संक्षिप्त आर्थिक विवरण समेत कम्पनी ऐन २०६३ को दफा ८४ (४) बमोजिम शेयरधनीहरुको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

४. **छलफलको बिषयहरु :**

**(क) सामान्य प्रस्तावहरु:**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन संहितको आ.व.२०७८/०७९ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायत वित्तीय विवरण स्वीकृत गर्ने ।

३) यस बैंकको सहायक कम्पनी ग्लोबल आइएमई क्यापीटल लि.,ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड र जेबिएनएल सेक्युरिटिज लिमिटेडको आ.व २०७८/०७९ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तिय विवरण स्वीकृत गर्ने ।

४) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७८/०७९ को मुनाफा समेतबाट चुक्ता पुंजीको १०.६० प्रतिशत नगद लाभांस स्वीकृत गर्ने ।

५) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०७९/०८० को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्तावहरु:**

१) बैंकको अधिकृत पुंजी रु. २५ अर्बलाई बृद्धि गरी रु.५० अर्ब कायम गर्ने सम्बन्धमा ।

२) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७८/०७९ को मुनाफा समेतबाट चुक्ता पुँजीको ३ प्रतिशत बोनश शेयर स्वीकृत गर्ने र सोही हद सम्म जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने विशेष प्रस्ताव स्वीकृत गर्ने ।

३) बैंकको प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धि विशेष प्रस्ताव पारित गर्ने तथा उक्त संसोधनमा नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायले फेरबदल गरेमा आवश्यक संशोधन तथा परिमार्जन गर्न संचालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।

४) ग्लोबल आइएमई बैंक लिमिटेड र बैंक अफ काठमाण्डू लिमिटेड गाभ्ने गाभिने (मर्जर) सम्बन्धमा संचालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

५) ग्लोबल आइएमई बैंक लिमिटेड र बैंक अफ काठमाण्डू लिमिटेड गाभ्ने/गाभिने (मर्जर) प्रयोजनका लागि मुल्याङ्कन कर्ताबाट प्राप्त चल/अचल सम्पत्ति दायित्व तथा कारोवारको मुल्याङ्कन प्रतिवेदन (Due Diligence Audit DDA) आधारमा निर्धारण गरिएको शेयर स्वाप अनुपात १:१ (Share Swap Ratio 1:1) स्वीकृत गर्ने ।

६) ग्लोबल आइएमई बैंक लिमिटेड र बैंक अफ काठमाण्डू लिमिटेड गाभ्ने गाभिने (मर्जर) सम्बन्धी सम्झौतापत्र स्वीकृत गर्ने तथा मर्जर सम्बन्धी अन्य प्रकृया पुरा भएको हुँदा बैंक अफ काठमाण्डू लिमिटेड यस बैंकमा गाभ्न/गाभिन अन्तिम स्वीकृति प्रदान गर्ने ।

७) बैंक अफ काठमाण्डू लिमिटेड यस बैंकमा गाभिए पछि मर्जर सम्बन्धी सम्झौता पत्र अनुसार बैंकको जारी तथा चुक्ता पुँजी बृद्धि हुने हुँदा सो बमोजिम हुने गरी प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्न, हेरफेर गर्न र उपयुक्त ब्यबस्था गर्न संचालक समितिलाई अख्तियारी दिने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

८) ग्लोबल आइएमई बैंक लिमिटेडमा बैंक अफ काठमाण्डू लिमिटेड गाभिए पछि नियमनकारी निकाय वा कार्यालयबाट कुनै विषयमा थप संशोधन गर्न कुनै निर्देशन दिएमा

सो समेत मिलाई संशोधन गर्न तथा मर्जर सम्बन्धमा गर्नु पर्ने अन्य सम्पूर्ण कार्यहरु गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

(ग) **विविध ।**

**५.उपस्थिति:**

**५.१ कम्पनी ऐन,२०६३ को दफा ६८ अनुसार उपस्थित संचालकहरु**

| | | |
|---|---|---|
| १. | श्री चन्द्र प्रसाद ढकाल | अध्यक्ष |
| २. | श्री राम बहादुर भण्डारी | संचालक |
| ३. | श्री सुदर्शन कृष्ण श्रेष्ठ | संचालक |
| ४. | श्री कृष्ण प्रसाद शर्मा | संचालक |
| ५. | श्री देवेन्द्र प्रताप शाह | संचालक |

**५.२ अन्य उपस्थिति :**

१. श्री बिष्णु प्रसाद पौडेल, सहायक रजिष्ट्रार, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।

**५.३ बैंकको उच्च तहको पदाधिकारीको उपस्थिति:**

| | |
|---|---|
| १. श्री रत्नराज बज्राचार्य | प्रमुख कार्यकारी अधिकृत । |
| २. श्री महेश शर्मा ढकाल | वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत |
| ३. श्री सुरेन्द्र राज रेग्मी | नायव प्रमुख कार्यकारी अधिकृत |
| ४. श्री कल्याण बिक्रम पाँडे | नायव महाप्रवन्धक |

**५.४ आमन्त्रीत :**

| | |
|---|---|
| १. श्री प्रकाश जङ्ग थापा | लेखापरीक्षक |
| २. श्री युद्धराज ओली | लेखापरीक्षक |

**५.५ शेयरधनीहरुको उपस्थिति:**

१. स्वयं उपस्थित हुने शेयरधनीको संख्या : ५८९

२. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्या: २२५

३. जम्मा उपस्थित संख्या : ८१४

६. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम)

| शेयर तथा शेयरधनी | जम्मा शेयर संख्या | उपस्थित (शेयरधनी) | | उपस्थित (शेयर संख्या) | | जम्मा शेयरधनी संख्या (स्वयं तथा प्रतिनिधि | जम्मा शेयर संख्या (स्वयं तथा प्रतिनिधि) |
|---|---|---|---|---|---|---|---|
| | | स्वयं | प्रतिनिधि मार्फत | स्वयं | प्रतिनिधिमार्फत | | |
| कूल शेयर संख्या | २३,७९,५७,५३३. | ५८९ | २२५ | ३,४२,२४,५१७. | ८,७९,६६,६७६ | ८१४ | १२,२१,९१,१९३ |
| संस्थापक शेयरधनी | १२,२१,९२,२२६ | ४९ | २०६ | २,६०,२७,१३८. | ७,२३,७७,१७४ | २५५ | ९,८४,०४,३१२ |
| सर्वसाधारण समूह | ११,५७,६५,३०७. | ५४० | १९ | ८१,९७,३७९ | १,५५,८९,५०२ | ५५९ | २,३७,८६,८८१ |
| | | | | | कूल प्रतिशत | | ५१.३५% |

७. **सभाको बैधानिकता:**

७.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनु पर्ने प्रावधान रहेकोमा बैंकको १६ औं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या ८१४ भएको र कुल शेयरको ५१.३५ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा बैधानिक भएको जानकारी गराउनु भयो ।

७.२ बैंकको नियमावलीमा प्राबधान भए बमोजिम यस सभाको अध्यक्षता संचालक समितिका अध्यक्षज्यूले गर्ने ब्यबस्था कम्पनी सचिवले जानकारी गराएपछि दिनको १०.०० बजे अध्यक्ष श्री चन्द्र प्रसाद ढकालज्यूको अध्यक्षतामा बैंकको १६औं वार्षिक साधारण सभा सुरु भयो ।

**८. वार्षिक साधारण सभाको प्रस्तुति**

अध्यक्षज्यूले सभा समक्ष लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९, आषाढ मसान्त सम्मको रु. ३,६०,५३,७२,२०,४७०/-को पूँजी/दायित्व तथा जायजेथा भएको वासलात र आयकर पश्चात खुद मुनाफा रु.४,९५,९२,२४,७४३/- रहेको आ.व.२०७८/७९ को नाफा/नोक्सान विवरण तथा सो मध्ये साधारण जगेडा कोष बापत रु.१,००,९७,२१,८२६/-, सटही घटबढ कोष बापत रु.१,३६,२१,८२०/-, ऋणपत्र फिर्ता कोष बापत रु.७०,८३,३३,३३३/-, संस्थागत सामाजिक उत्तरदायित्व कोष बापत रु.२,०२,०६,१२४/-, कर्मचारी प्रशिक्षण तथा दक्षता अभिवृद्धि कोष बापत रु.३,९७,२३,५०७/-, र नियामक समायोजन बापत रु.२८,११,०३,८३४/- विनियोजन गरी फेयर भेल्यु कोष बाट फिर्ता रु.८,९३,८४,३८८/- समेत समायोजन पश्चात नाफा/नोक्सान हिसाबमा बाँकी रहेको संचित मुनाफा र गत वर्षको संचित मुनाफा उपयोग गरी वार्षिक साधारण सभाको स्वीकृति पश्चात वितरण हुने गरी ३ प्रतिशत बोनश शेयर तर्फ रु. ७१,३८,७२,६००/- तथा नगद लाभांश तर्फ १०.६० प्रतिशतले हुने रु.२,५२,२३,४९,८५४/-समेत जम्मा १३.६० प्रतिशत लाभांश वितरण गर्ने गरी संचित मुनाफा रु.३,२३,६२,२२,४५४/- खर्च लेखी रु. ३,२३,६२,२२,४५४/- लाभांश बितरण हुने तथा अन्तिम नगद तथा बैंक मौज्दात रु. १८,२२,१९,५२,०२४/- भएको नगद प्रवाह विवरण सहितको वासलात, नाफा नोक्सान विवरण सहितको वार्षिक प्रतिवेदन छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नु भयो ।

९. **छलफलको लागि आव्हान र शेयरधनी महानुभावहरु :**

९.१ बैंकको आ.व.२०७८/७९ को वार्षिक प्रतिवेदन, २०७९ आषाढ मसान्त सम्मको वासलात, सोही मितिमा समाप्त आ.व.२०७८/७९ को नाफानोक्सान हिसाव तथा नगद प्रवाह बिवरण उपर आ-आफ्नो मन्तब्य प्रकट गर्न, सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात देहायका शेयरधनीहरुले छलफलको कममा देहाय अनुसार जिज्ञासा एवं सुझावहरु ब्यक्त गर्नु भएको थियो ।

९.२ छलफलमा सहभागी भई मन्तब्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम :

१. श्री ब्रम्हदेव शाक्य ।

२. श्री सुदिन श्रेष्ठ ।

३. श्रीमति नुतन ढुंगाना ।

४. श्री अर्जुन प्रसाद गौतम ।

५. श्री सन्दिप अग्रवाल ।

६. श्री केशव रेग्मी ।

७. श्री कृष्ण प्रसाद पाण्डे ।

८. श्री सत्रुघन श्रेष्ठ ।

**१०. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुले सामूहिक रुपमा ब्यक्त गर्नु भएका सराहना :**

आ-आफ्नो मन्तब्य प्रकट गर्ने कममा शेयरधनीहरुले सर्वप्रथम बैंकका अध्यक्ष तथा संचालकहरु र ब्यवस्थापनलाई धन्यबाद दिनु भयो साथै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो । बैंकको संचालक समितिद्वारा प्रस्तुत गरिएको वार्षिक प्रतिबेदन माथि टिप्पणी गर्दै बैंकबाट भए गरिएका कार्यहरुको मुल्याङ्कन गरी राम्रा कामको सराहना तथा बैंकले कमश: सुधार गर्दै लानुपर्ने कुराहरु औंल्याउनु भयो । वित्तीय क्षेत्रमा देखापरेका समस्याहरुलाई राम्ररी विश्लेषण गरी सम्भाबित जोखिमलाई न्यूनीकरण गर्दै बैंकको प्रतिस्पर्धी क्षमतालाई .अभिबृद्धि गर्दै बैंकिङ्ग ब्यवसायको नयाँ क्षेत्र पहिचान गरी सेवा विस्तार गरी वित्तीय ब्यवसायलाई अझ फराकिलो पार्दै लैजानु पर्छ भन्ने कुरामा जोड दिनु भयो । बैंक अफ काठमाण्डू लि. संगको मर्जर सन्दर्भमा शेयरधनीहरुले आफ्नो बिचार राख्ने कममा ग्लोबल आइएमई बैंकको ब्राण्ड राष्ट्रिय एवं अन्तर्राष्ट्रिय रुपमा स्थापित भईसकेको हुँदा मर्जरपछि पनि यहि नाम कायम राखी ग्लोबल आइएमई बैंकको ब्रान्डलाई अगाडि लिएर जानुपर्ने सुझाव दिनुभयो ।

**११. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो बिचार प्रस्तुतिकरण :**

छलफलको क्रममा शेयरधनी बक्ताहरुले बुँदागत रुपमा देहाय बमोजिमको धन्यबाद तथा सराहना,सुझाव एवं मन्तब्य ब्यक्त गर्नु भएको थियो ।

१. **श्री ब्रम्हदेव शाक्य**

सभाका अध्यक्ष, संचालक, कर्मचारी तथा शेयरधनीहरुलाई ज्वजलपा, तारेमाम नमस्कार छ । एकवर्षभन्दा अघिदेखि बैंक तथा वित्तीय क्षेत्रको तरलता संकट, निक्षेप तथा कर्जाको ब्याजमा भएको वृद्धि एवं बैंक तथा वित्तीय संस्थाहरुको कर्जा विस्तार हुन नसकिरहेको वस्तुगत परिस्थितिले गर्दा बैकको मुनाफा प्रभावित भई शेयरधनीहरुले प्राप्त गर्ने प्रतिफलमा समेत संकुचन आईरहेको अबस्थामा बैंकले शेयरधनीहरुलाई प्रस्ताव गरेको १३.६० प्रतिशत लाभाँश राम्रो छ, यसको लागि संचालक समिति, बैंक ब्यवस्थापन लगायत सम्पुर्ण कर्मचारीहरुलाई धन्यवाद छ । संचालक समितिको प्रतिवेदन उत्साहजनक छ, संस्थापक सामाजिक उत्तरदायित्व अर्न्तगत भएगरेका काम कारवाहिहरु प्रसंशायोग्य रहेका छन् ।

यस अघि विभिन्न बैंक तथा वित्तीय संस्थाहरु मर्जर तथा प्राप्तिको सफल उदाहरण बनेको यस बैंकले मित्रता गास्दा आफुभन्दा असलसंग गाँस्नु पर्दछ, आफुभन्दा असल नपाईएमा आफु समानसंग गाँस्नु पर्दछ भन्ने भगवान बुद्धको शिक्षाबाट प्रेरित भई बैंक अफ काठमाण्डू लिमिटेडसंग मर्जर सम्झौता गरेकोमा खुशि प्रकट गर्दै चुक्ता पुँजी, जगेडा पुँजी, कर्मचारी संख्या, व्यावसायिक सञ्जाल एवं व्यावसायिक आकार लगायतका महत्वपुर्ण परिसुचकहरुमा मुलुकको सबैभन्दा ठुलो बैक हुने विश्वास ब्यक्त गर्नुभयो ।

२. **श्री सुदिन श्रेष्ठ**

संचालक समितिका अध्यक्ष, संचालक, ब्यवस्थापन एवं शेयरधनीहरुलाई नमस्कार । १६औं वार्षिक साधारण सभाको सफलताको शुभकामना छ । १३.६० प्रतिशत लाभाँश दिनुभएकोमा धन्यवाद । आगामी वर्षहरुमा लाभाँश थप हुने बिश्वास ब्यक्त । हाईब्रिड बचत खातामा प्रदान गरिएको एक वर्ष सम्मको निःशुल्क इन्टरनेट सुबिधाको समयावधि बढाउन उपयुक्त हुने बिचार ब्यक्त गर्नु भयो । मर्जर तथा प्राप्तिमा उदाहरणीय बनेको यस बैकले पछिल्लोपटक मर्जरको लागि बैक अफ काठमाण्डू लि.लाई छनौट गरेकोमा सञ्चालक समितिलाई पुनः धन्यवादसहित बैकको उत्तरोत्तर प्रगातिको कामना ।

३. **श्रीमति नुतन ढुंगाना**

संचालक समितिका अध्यक्ष, संचालक, व्यवस्थापन एवं शेयरधनीहरुलाई नमस्कार । १६ औं वार्षिक साधारण सभाको सफलताको शुभकामना छ । सभामा बोल्न दिनुभएकोमा धन्यवाद । २०६८ सालदेखि साविकको त्रिवेणी बिकास बैंक लि. देखि विभिन्न बैंक हुँदै यस बैंकसम्म आईपुग्दा आफु शेयरधनीको हैसियतलबाट गौरभान्वित भएको बताउँदै भविष्यमा बैंकले अझै प्रगति गर्दै जाने विश्वास व्यक्त गर्नुभयो । बैंक अफ काठमाण्डू लिमिटेड संगको मर्जरपछि प्रस्ताव गरिएको नामप्रति शेयरधनीहरुको चित्त नबुझेको भन्दै उहाँले ग्लोबल आइएमई नाम, ब्रान्ड आम जनमानसमा स्थापित भईसकेको हुँदा सो नामपछि थप पुच्छर गाँसिराख्नु आवश्यक नभएको बिचार राख्नु भयो । नाम परिवर्तन गर्दा खर्च बढी हुने, अन्तर्राष्ट्रिय प्रतिनिधि कार्यालय लगायत अन्तर्राष्ट्रिय कर्जा कारोबारमा समेत असर गर्ने हुन्छ । जुन नाम र ब्रान्डले बैंकको व्यवसाय बिस्तारमा सहज हुन्छ सोलाई कायम गर्दा समग्र शेयरधनीको हितमा हुने भएकाले विओके भन्दा ग्लोबलको ब्रान्ड बलियो भएकाले बैंकको नाम परिवर्तन नगर्न अध्यक्षज्यूलाई अनुरोध गर्दछु ।

ग्राहक पहिचान अद्यावधिक गर्न सम्बन्धित शाखामा नै जानुपर्ने हालको व्यवस्थाले असुबिधा भएकोले जुनसुकै शाखाबाट अद्यावधिक गर्न मिल्ने सुबिधा उपलब्ध गराउन बैंक व्यवस्थापनलाई सुझावसहित बैंकलाई निश्चित मापदण्डको आधारमा संस्थापक शेयरधनी एवं असल ग्राहकको पहिचान हुने परिचय पत्रको व्यवस्था गर्न सुझाव दिनुभयो । साथै, मुलुकभरीका शाखा प्रवन्धकहरु संलग्न चितवनको सौराहाको जस्तो कन्फेन्स अत्यन्तै राम्रो आइडिया रहेको र यसले कर्मचारीहरुमा अपनत्वको भावना बिकास भई व्यवसायमा सकारात्मक प्रभाव पर्ने हुन्छ भन्दै सोका लागि बैंक व्यवस्थापन लगायत सम्बन्धित सबैलाई धन्यवाद दिनुभयो ।

## ४. श्री अर्जुन प्रसाद गौतम

अध्यक्षज्यू, संचालक, शेयरधनीहरु, कम्पनी सचिव, बैंक व्यवस्थापन एवं कर्मचारीहरुलाई हार्दिक अभिवादन, नमस्कार छ । आजको प्रतिस्पर्धी वातावरणमा नियमनकारी निर्देशनहरुको अधिनमा रहि मुनाफा निकाल्न कठिन रहेको परिप्रेक्ष्यमा १३.६० प्रतिशत लाभाँश सन्तोषजनक छ । तरपनि विभिन्न वित्तीय परिसुचकहरुमा आफुलाई एक नम्बरको बैक हो भन्ने दावि गरिरहँदा शेयरधनीहरुको लाभाँशपनि एक नम्बर हुनुपर्ने बिचार राख्नुभयो ।

बैंकको नाम स्वीट एण्ड सर्ट हुनेपर्ने बिचार राख्दै ग्लोबल आइएमई बैंकको ब्राण्ड राष्ट्रिय एवं अन्तर्राष्ट्रियरुपमा स्थापित भएको स्वीकार गरी आफुहरुले साविकको जनता बैक मर्जर गर्दा नाममा कुनै शर्त नराखेको स्मरण गराउनु भयो । नाम परिवर्तन वा संशोधनका लागि स्टेशनरी, साईनबोर्ड, बिज्ञापनपटल, होडिङबोर्ड लगायतका अन्य मसलन्दहरुमा काफी खर्च हुने र सोको भार अन्ततगत्वा

शेयरधनीहरुको टाउकामा आउने भन्दै शेयरधनीहरुको लागि नामभन्दापनि प्रतिफल महत्वपूर्ण हुने बिचार राख्नुभयो । मर्जर गर्ने नाउँमा बैंकको नाम परिवर्तन नगर्न संचालक समितिलाई अनुरोध गर्नु भयो साथै उहाँले दक्षिण कोरियामा बैंकको पहिलो अन्तर्राष्ट्रिय शाखा खोल्ने प्रयासप्रति खुशि व्यक्त गर्दै यसबाट बैंकको व्यवासायिक ख्याति अभिवृद्धिको साथै बैकको विप्रेषण आम्दानी समेत बढ्ने बिश्वास व्यक्त गर्नुभयो ।

५. **श्री सन्दिप अग्रवाल**

सभामा बोल्न दिनुभएकोमा धन्यवाद । सर्वप्रथम बैंकका अध्यक्षज्यू संचालक समिति, व्यवस्थापन, कम्पनी सचिव लगायत सम्पुर्ण शेयरधनीहरुलाई १६ औं वार्षिक साधारणसभा सफलताको शुभकामना । तरलता दवावको असहज अवस्थामा बैंकले यस वर्ष शेयरधनीहरु लाई प्रस्ताव गरेको लाभाँश अघिल्लो आ.व.को भन्दा थोरैभएपनि बढी नै रहेको तथ्य राख्दै स्प्रेड दर थप खुम्चिएकोले गर्दा चालु वर्ष अहिलेकै जति लाभाँश दिनपनि चुनौति रहेको धारणा राख्नु भयो ।

यस बैंक र बैक अफ काठमाण्डू मर्जरपछिको बैंकको नाम हेरफर वा संशोधनमा अनावश्यकरुपमा ठुलो आर्थिक भार ब्यहोर्नुपर्ने तर्क राख्दै प्रस्तावित नाम डेभलपमेन्ट बैक वा पुर्वाधार बिकास बैकको झल्को दिने प्रकृतिको रहेको धारणा राख्नु भयो । साथै, उहाँले मर्जरको अर्को पक्षसंग ग्लोबल आइएमई बैक लिमिटेडको ब्यानरमा सहमति खोज्न संचालक समितिलाई अनुरोध गर्नु भयो ।

चुक्ता पुँजी, जगेडा कोष, ब्यवसायिक सञ्जाल, ग्राहकको आधार एवं कर्मचारी संख्या समेतको दृष्टिकोणबाट अन्तर्राष्ट्रियस्तरको बैक भएको भन्दै उहाँले यो मर्जर पश्चात तत्काल थप मर्जरको आवश्यकता नरहेको तर्क राख्नुभयो । मुलुककै सबैभन्दा ठुलो पूँजीगत आधार भएको बैंक हुनुको नाताले यो बैंकले सिंगो बैंकिग क्षेत्रलाई प्रभाव पार्ने नीतिगत निर्णयहरुमा समन्वय गर्नुपर्ने आवश्यकता रहेको बताउदै उहाँले पछिल्लो समयमा नेपाल राष्ट्र बैंक नियमनकारी कम नियन्त्रणमुखी ज्यादा भएर देखापरेको दलिल पेश गर्नु भयो । बढ्दो ब्याज एवं चालु पुँजी कर्जाको बिषयमा व्यवसायी र बैक(हरु) बीच नै अविश्वासको स्थिति पैदा भएकोले सहजिकरणको आवश्यकता औंल्याउनु भयो र बैक तथा ब्यवसायी दुवैको हित हुने नीति निर्माणका लागि सम्बन्धित पक्षको ध्यानाकर्षण गराउनु भयो ।

र, अन्त्यमा संचालक समिति, व्यवस्थापन, कर्मचारी लगायत उपस्थित सम्पुर्णलाई धन्यवादसहित आफुले बोलेका नीतिगत बिषयहरुलाई अभिलेख गरी कम्पनी सचिवमार्फत नेपाल राष्ट्र बैंकसमक्ष पुर्‍याई दिन आग्रह गर्नुभयो ।

६. **श्री केशव रेग्मी**

अध्यक्षज्यू, संचालक, शेयरधनीहरु तथा कर्मचारीहरुलाई मेरो हार्दिक नमस्कार छ। बैंक ठुलो भएको छ र सोही बमोजिम सेवाको गुणस्तरमा समेत अभिवृद्धि गर्नु जरुरी छ। अध्यक्ष, संचालक समिति र उच्च ब्यवस्थापनमा संलग्न साथिहरुले आफै ग्राहकबनी शाखाहरुबाट प्रभावित भइरहेको सेवाको अनुगमन गर्न सुझाव दिनु भयो। बैंकको सेवा सुधार गर्न आवश्यक छ। म आफै ग्राहक बनेर बैंकमा जाँदा बैंकको सेवा स्तरमा अझ सुधार गर्नु पर्ने देखिन्छ। अनलाइन बैंकिग, डिजिटल बैंकिग एवं अन्तर्राष्ट्रियस्तरको बैंकिग सेवाको कुरा गरिरहँदा सोहि बमोजिमको सेवाको गुणस्तरको ग्यारेन्टी हुन पर्ने औंल्याउनु भयो। आवश्यकता अनुसार कर्मचारी भर्ना गरी उनिहरुको ब्यवसायिक दक्षता अभिवृद्धिमा ध्यान दिन सुझावसहित बैंकलाई यो उचाईसम्म ल्याईपुर्‍याउन भुमिका निर्वाह गर्ने अध्यक्ष, संचालक एवं बैक ब्यवस्थापनलाई धन्यवाद ज्ञापन गर्नु भयो।

७. **श्री कृष्णप्रसाद पाण्डे**

अध्यक्षज्यू, संचालक, शेयरधनीहरु तथा कर्मचारीहरुलाई मेरो हार्दिक नमस्कार छ। सभामा बोल्न दिएकोमा धन्यवाद। प्रमुख कार्यकारी अधिकृत अनुभवि हुनुहुन्छ। संचालक समितिले अधिकार बाँडफाँड एवं प्रत्यायोजन गर्नु पर्छ। दक्ष एवं शिपमुलक कर्मचारी भर्ना गर्नुपर्छ। मर्जरपछिपनि बैंकको नाम ग्लोबल आइएमई नै हुनुपर्दछ। प्रस्तावित नाम लामो भएकाले सम्झन गाह्रो भई जनमानसमा भ्रम उत्पन्न हुने हुन्छ। बैंकले कृषि कर्जा, महिला उद्यमी कर्जा त्यसमापनि स-साना कर्जालाई प्राथमिकतामा राख्नु पर्दछ। एटिएम सेवा चुस्त एवं दुरुस्थ राख्न सुझाव दिनु भयो। उहाँले बैंकका कर्मचारी एवं शेयरधनीहरुलाई आफुसंग भएको पैसा आफ्नै बैंकमा राख्न सुझाव दिनु भयो। अन्त्यमा उपस्थित सबैलाई धन्यवादसहित आफ्नो मन्तब्य टुङ्ग्याउनु भयो।

८. **श्री सत्रुघन श्रेष्ठ**

आदरणीय अध्यक्ष ज्यु, संचालक, प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव तथा शेयरधनीहरुलाई नमस्कार छ। सबैको लागि बैक भन्ने नाराका साथै स्थापनाभएको यस बैक निरन्तर प्रगतिपथमा रहेको छ। विगत वर्षहरुमा विभिन्न १८ वटा बैक तथा वित्तीय संस्थाहरुलाई आफुमा समाहित (मर्जर तथा प्राप्ति) गरी अब्बल सावित गरेको छ। मुलुकको ७७ वटै जिल्लामा शाखा सञ्जाल, अष्ट्रेलिया, बेलायत एवं भारत दिल्लिस्थित प्रतिनिधि कार्यालय संचालनमा रहेको छ। दक्षिण कोरियामा शाखा कार्यालय खोल्ने प्रकृयामा रहेको छ। बैक अफ काठमाण्डू लिसंगको शेयर स्वाप अनुपात १:१ राम्रो रहेको। मर्जरपछि शेयरधनीहरुको प्रतिफल अझै बढ्ने बिश्वास ब्यक्त गर्दै बैकका अध्यक्षज्यू हाल नेपाल उद्योग

वाणिज्य महासंघको वरिष्ठ उपाध्यक्ष हुनुहुन्छ र आगामी केहि महिनामाभित्रै अध्यक्षको लागि शुभकामना एवं बैंकको ब्यावसायिक भविष्यप्रति उत्तरोत्तर प्रगतिको शुभकामना ।

१२. **सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ:**

शेयरधनी महानुभावहरु क्रमश श्री ब्रम्हदेव शाक्य, श्री सुदिन श्रेष्ठ, श्रीमति नुतन ढुंगाना, श्री अर्जुन प्रसाद गौतम, श्री सन्दिप अग्रवाल, श्री केशव रेग्मी, श्री कृष्णप्रसाद पाण्डे र श्री सत्रुघन श्रेष्ठ समेतले यस १६ औं वार्षिक साधारणसभामा सहभागि भई बैंकको व्यावसायिक उन्नतिको शुभकामना मन्तव्यसहित अमुल्य सुझावहरु दिनुभएकोमा अध्यक्षज्यूले धन्यवाद ज्ञापन गर्नु भयो ।

बैंकको एकाध शाखाहरुले सेवाको गुणस्तर कायम गर्न नसकेको भन्ने सर्न्दभमा शेयरधनी महानुभावहरुले उठाउनु भएको बिषयलाई संचालक समितिको पुर्ण समर्थन रहेको बताउदै अध्यक्षज्यूले आकारमा जति ठुलो बैंक हुन्छ यसबाट उपलब्ध सेवामा पनि उति नै ध्यान दिनुपर्ने हुन्छ अन्यथा नकारात्मक प्रचार पनि सोहि बमोजिम बढ्ने खतरा हुन्छ भन्दै ग्राहकहरुको सेवामा कुनै किसिमको सम्झौता नहुने गरी कमी कमजोरी सुधार गर्दै चुस्त एवं दुरुस्त बैंकिग सेवा प्रदान गर्न प्रतिवद्ध रहेको जानकारी गराउनु भयो । साथै, ग्राहकहरुको गुनासो सम्बोधन हुनेगरी यथासम्भव छिटो सुधारात्मक प्रकृया अगाडी बढाउन प्रमुख कार्यकारी अधिकृतसहित बैंकका अन्य उच्चतहका पदाधिकारीहरुलाई निर्देशन दिनुभयो ।

सभामा भागलिने अधिकाँश शेयरधनीहरुले बैंक अफ काठमाण्डू लिमिटेडसंगको मर्जरपछिको प्रस्तावित बैंकको नाम लामो भएकोले आम जनमानसमा भ्रम उत्पन्न हुनसक्ने, थप वा संशोधनले मसलन्द लगायतमा व्ययभार थपिने, विदेशस्थित प्रतिनिधि कार्यालयहरु एवं खोल्ने प्रकृयामा रहेको दक्षिण कोरियाको शाखा एवं बैंकले कर्जा सुबिधा लिएका विभिन्न अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरु समेतलाई बुझाउन वा मिलाउन धेरै समय लाग्नसक्ने बिषयमा शेयरधनी महानुभावहरुबाट प्राप्त सुझावहरुलाई संचालक समितिले गाम्भिर्यतापुर्वक लिएको तर मर्जर केवल आफ्नो मात्र बिषय नभएकाले सम्झौताको अर्को पक्षसँग छलफल गरी सहमति गर्न प्रयास गर्ने कुरा बताउनु भयो ।

साधारण सभा पश्चात मर्जर सम्बन्धमा आवश्यक कागजात तयार गरी मर्जरको अन्तिम स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष मंसिर मसान्त भित्रमा संयुक्त निबेदन पेश गरी नेपाल राष्ट्र बैंक लगायतका नियामक निकायको स्वीकृति लिई आगामी पौष मसान्त भित्रमा दुवै बैंकको एकीकृत कारोबार गर्ने लक्ष्य रहेको कुरा अध्यक्षज्यूले सभालाई जानकारी गराउनु भयो ।

असल ग्राहक वा संस्थापक शेयरधनी परिचयपत्रको व्यवस्था गर्न शेयरधनीबाट प्राप्त सुझाबलाई सकारात्मकरुपमा लिदैं उहाँले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय असल अभ्यास, नेपाल राष्ट्र बैंक लगायतका अन्य नियमनकारी निकायहरुको निर्देशन समेतलाई विचार गरी यस्तो किसिमको परिचयपत्र उपलब्ध गराउन मिल्ने वा नमिल्ने भन्ने विषयमा स्पष्ट भई

निश्चित मापदण्डको आधारमा परिचयपत्र दिनको लागि आवश्यक गृहकार्य गर्न व्यवस्थापनलाई निर्देशन दिनुभयो ।

कृषि कर्जा एवं महिला उद्यमी साना तथा मझौला कर्जा लाई प्राथमिकतामा राख्न शेयरधनीबाट प्राप्त सुझावप्रति धन्यवाद ज्ञापन गर्दै अध्यक्षज्यूले बैंकले केवल मुनाफा मात्र नहेरी नेपाल राष्ट्र बैंकबाट प्राप्त निर्देशन एवं राष्ट्रिय आवश्यकता समेतलाई बिचार गरी कृषिक्षेत्रको लगानीलाई प्राथमिकतामा राखेको, महिला तथा पिछडिएको क्षेत्र, वर्ग एवं समुदायमा पर्याप्त लगानी गर्दै आइरहेको, कोभिड-१९ महामारीबाट प्रभावित ग्राहकहरुलाई पुनरकर्जा सुबिधा उपलब्ध गराउने बैंकहरुमध्ये सबैभन्दा अगाडी रहेको भन्दै **"सबैका लागि बैंक"** भन्ने नारालाई व्यवहारमा नै रुपान्तरण गर्न आफुहरु प्रतिवद्ध रहेको अध्यक्षज्यूले सभालाई जानकारी गराउनु भयो ।

यस वर्ष शेयरधनीहरुलाई वितरण गर्न प्रस्ताव गरिएको १३.६० प्रतिशत लाभाँशमा आगामी वर्षमा वृद्धि हुनुपर्ने भन्ने शेयरधनीहरुबाट प्राप्त सुझावप्रति अध्यक्षज्यूले सहमति जनाउदै यद्यपी आजको प्रतिस्पर्धी बजारमा नियमनकारी निर्देशनहरुको अधिनमा रहि मुनाफा निकाल्न कठिन रहेको तर्क राख्नु भयो । शेयरधनीहरुलाई सके सम्म बढी भन्दा बढी प्रतिफल दिन बैंक सधै प्रयासरत रहने व्यहोरा अध्यक्षज्यूले सभालाई जानकारी दिनु भयो ।

अन्त्यमा अध्यक्षज्यूले यो बैंकलाई मुलुकका उत्कृष्ठ बैंकहरुमध्ये एक बैंकको रुपमा स्थापित गर्न प्रयास गरिरहेको शेयरधनीहरुलाई अवगत गराउनु भयो ।

**१३. सभाको निर्णय :**

**(क) सामान्य प्रस्तावहरु :**

**(१) संचालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन स्वीकृत गर्ने :**

संचालक समितिको तर्फवाट अध्यक्षज्यूले १६ औं वार्षिक साधारण सभामा प्रस्तुत गर्नुभएको वार्षिक प्रतिवेदन छलफल पश्चात पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नु हुँदा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो । संचालक समितिको वार्षिक प्रतिवेदनमा सामाजिक उत्तरदायित्व (Corpotate Social Resposibilty (CSR) पुरा गर्न बैंक सकिय रहेको भन्ने विषय प्रशंसायोग्य रहनुका साथै बैंकले सामाजिक उत्तरदायित्व अन्तर्गत बिभिन्न शिर्षकमा बिभिन्न व्यक्ति तथा संघ संस्थालाई आ.व.२०७८/७९ मा प्रदान गरेको आर्थिक सहायत/चन्दा समेत जम्मा रु.२,९३,८६,१२४। (दुई करोड त्रियानब्बे लाख छयासी हजार एक सय चौबिस रुपैयाँ) सभाबाट अनुमोदन गरियो ।

**(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७८/०७९ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायत वित्तीय विवरण स्वीकृत गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७८/७९ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायत वित्तीय विवरण समेत पारित गरियोस् भनी

अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव स्वीकृत गर्‍यो ।

(३) **यस बैंकको सहायक कम्पनी ग्लोबल आइएमई क्यापिटल लि., ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड र जेविएनएल सेक्युरिटिज लिमिटेडको आ.व. २०७८/७९ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने :**

बैंकको सहायक कम्पनी ग्लोबल आइएमई क्यापिटल लि., ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड र जेविएनएल सेक्युरिटिज लिमिटेडको आ.व. २०७८/७९ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण पारित गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव स्वीकृत गर्‍यो ।

(४) **संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७८/०७९ को मुनाफा समेतबाट चुक्ता पुंजीको १०.६० प्रतिशत नगद लाभांस स्वीकृत गर्ने ।**

संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७८/०७९ को मुनाफा समेतबाट चुक्ता पुंजीको १०.६ प्रतिशत नगद लाभांस पारित गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव स्वीकृत गर्‍यो ।

साथै, स्वीकृत नगद लाभाँश एवं विशेष प्रस्ताव नं.२ बमोजिम शेयरधनीहरुलाई वितरणको लागि प्रस्तावित बोनश शेयर समेतमा कानून बमोजिम लाग्ने कर शेयरधनीहरुलाई वितरण गरिने नगद लाभाँश बाटै कट्टा गरिने छ ।

(५) **कम्पनी ऐन,२०६३ को दफा १११ बमोजिम आ.व. २०७९/८० को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने :**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार बैंकको लेखापरीक्षण समितिले लेखापरीक्षक श्री पी.वाई.सी.एण्ड एशोसिएट्स (चार्टर्ड एकाउन्टेन्टस्) र श्री पी.जे.पी.एन एण्ड कम्पनी (चार्टर्ड एकाउन्टेन्टस्) लाई संयुक्त रुपमा बैंकको आ.व.२०७९/०८० को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति गर्न सिफारिस गरेको हुँदा लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक श्री पी.वाई.सी.एण्ड एशोसिएट्स (चार्टर्ड एकाउन्टेन्टस्) र श्री पी.जे.पी.एन एण्ड कम्पनी (चार्टर्ड एकाउन्टेन्टस्) लाई आ.व.२०७९/०८० को लागि लेखापरिक्षक् नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले मु.अ.कर समेत एकमुष्ठ पारिश्रमिक रु. ४५,२०,०००।-(पैतालिस लाख बिस हजार) दिने गरी श्री पी.वाई.सी.एण्ड एशोसिएट्स (चार्टर्ड एकाउन्टेन्टस्) र श्री पी.जे.पी.एन एण्ड कम्पनी (चार्टर्ड एकाउन्टेन्टस्) लाई बैंकको लेखापरीक्षकमा नियुक्त गर्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत गर्‍यो ।

(ख) **बिशेष प्रस्ताव** तर्फः

(१) **बैंकको अधिकृत पूँजी रु. २५ अर्बलाई वृद्धि गरी रु. ५० अर्ब कायम गर्ने सम्बन्धमा ।**

बैंकको अधिकृत पूँजी रु. २५ अर्बलाई वृद्धि गरी रु. ५० अर्ब कायम गर्ने गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट उक्त बिशेष प्रस्ताव स्वीकृत गऱ्यो ।

(२) **संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७८/०७९ को मुनाफा समेतबाट चुक्ता पूँजीको ३ प्रतिशत बोनश शेयर स्वीकृत गर्ने र सोही हद सम्म जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने विशेष प्रस्ताव स्वीकृत गर्ने ।**

संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७८/०७९ को मुनाफा समेतबाट चुक्ता पूँजीको ३ प्रतिशत बोनश शेयर बितरण गर्ने विशेष प्रस्ताव स्वीकृत गरियोस भनि अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा उक्त विशेष प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरियो । साथै उक्त बोनस शेयर जारी गर्दा आउने भिन्न अङ्क *(Fraction)* लाई के कसरी ब्यबस्थापन गर्ने भन्ने विषयमा छलफल गरी सबै शेयरधनीको हितलाई ध्यानमा राखी विगत वर्ष झै यस वर्ष पनि खण्डिकृत शेयर पूर्णाकृत नभए सम्म सम्बन्धित शेयरधनीकै नाउंमा यथावत राख्ने निर्णय गरियो ।

१६ औं वार्षिक साधारण सभा तथा बोनस शेयर वितरण गर्ने प्रयोजनका लागि तोकिएको मिति सम्म शेयरधनी दर्ता कितावमा कायम शेयरधनीहरुलाई उपरोक्तानुसार बोनसशेयर जारी गरी बैंकको जारी पूँजी रु. २४,५०,९६,२५,९३९।२० (चौबिस अर्व पचास करोड छयानब्बे लाख पच्चिस हजार नौ सय उनननचालिस रुपैयाँ बीस पैसा मात्र) एवं चुक्ता पूंजी २४,५०,९६,२५,९३९।२० (चौबिस अर्व पचास करोड छयानब्बे लाख पच्चिस हजार नौ सय उनननचालिस रुपैयाँ बीस पैसा मात्र) कायम गर्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरियो साथै सोही अनुसार बैंकको प्रबन्धपत्र तथा नियमावली संसोधन गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख समेत गर्ने गराउने निर्णय गरियो ।

(३) **बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने तथा उक्त संसोधनमा नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायले फेरबदल गरेमा आवश्यक संशोधन तथा परिमार्जन गर्न संचालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने :**

बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव अन्तर्गत प्रबन्धपत्रको दफा ५(क) बैंकको अधिकृत पूंजी, ५(ख) बैंकको जारी पूँजी, ५(ग) चुक्ता पूँजी वृद्धि गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने तथा प्रस्तावित संसोधनमा नेपाल राष्ट्र बैंक वा अन्य नियमन निकायले फेरबदल गरेमा आवश्यक समायोजन गर्न संचालक समितिलाई अधिकार दिने बिशेष प्रस्ताव स्वीकृत गरियोस भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा देहाय बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा थप एवं संसोधन गर्ने गरी सभाले सर्वसम्मतिबाट उक्त बिशेष प्रस्ताव स्वीकृत गऱ्यो ।

**प्रबन्ध पत्रको दफा ५ (क) मा देहाय बमोजिम थप तथा संसोधन गर्ने :**

बैंकको अधिकृत पूँजी रु. ५०,००,००,००,०००। (पचास अर्व) हुने छ ।

**प्रबन्ध पत्रको दफा ५ (ख) मा देहाय बमोजिम थप तथा संसोधन गर्ने :**

बैंकले तत्काल जारी गर्ने शेयर पूँजी रु. २४,५०,९६,२५,९३९।२० (चौबिस अर्ब पचास करोड छयानब्बे लाख पच्चिस हजार नौ सय उनननचालिस रुपैयाँ र पैसा बीस मात्र) हुने छ ।

**प्रबन्ध पत्रको दफा ५ (ग) मा देहाय बमोजिम थप तथा संसोधन गर्ने :**

बैंकको तत्काल चुक्ता पूँजी २४,५०,९६,२५,९३९।२० (चौबिस अर्ब पचास करोड छयानब्बे लाख पच्चिस हजार नौ सय उनननचालिस रुपैयाँ बीस पैसा मात्र) हुने छ । जारी पूँजी चुक्ता भएको आधारमा चुक्ता पूँजी वृद्धि हुँदै जाने छ ।

(४) **ग्लोबल आइएमई बैंक लिमिटेड र बैंक अफ काठमाण्डू लिमिटेड गाभ्ने गाभिने (मर्जर) सम्बन्धमा संचालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

बैंकको मिति २०७७/०९/२९ मा सम्पन्न १४औं वार्षिक साधारण सभाले विशेष प्रस्ताव पारित गरी बैंक र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था एकआपसमा गाभ्ने गाभिने वा प्राप्ति कार्य अगाडि बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गरे बमोजिम ग्लोबल आइएमई बैंक लिमिटेड र बैंक अफ काठमाण्डू लिमिटेड गाभ्ने गाभिने (मर्जर) सम्बन्धमा संचालक समितिको प्रतिबेदन सहितको बिशेष प्रस्ताव स्वीकृत गरियोस् भनी अध्यक्षज्यूले साधारण सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट उक्त विशेष प्रस्ताव स्वीकृत गऱ्यो ।

(५) **ग्लोबल आइएमई बैंक लिमिटेड र बैंक अफ काठमाण्डू लिमिटेड गाभ्ने/गाभिने (मर्जर) प्रयोजनका लागि मुल्याङ्कन कर्ताबाट प्राप्त चल/अचल सम्पत्ति दायित्व तथा कारोबारको मुल्याङ्कन प्रतिवेदन (Due Diligence Audit DDA) आधारमा निर्धारण गरिएको शेयर स्वाप अनुपात १:१ (Share Swap Ratio 1:1) स्वीकृत गर्ने ।**

ग्लोबल आइएमई बैंक लि.र बैंक अफ काठमाण्डू लि.गाभ्ने/गाभिने (मर्जर) प्रयोजनका लागि दुवै बैंकको सम्पत्ति तथा दायित्वको मुल्याङ्कन (Due Diligence Audit, DDA) गर्न चार्टर्ड एकाउन्टेन्ट् फर्म एस.आर.पाण्डे एण्ड कम्पनीलाई (चार्टर्ड एकाउन्टेन्ट्स) मु.अ.कर बाहेक एकमुष्ठ पारिश्रमिक रु.३८,५०,०००। (अड्तिस लाख पचास हजार) दिई उक्त कम्पनीबाट दुवै बैंकको DDA गर्ने गराउने निर्णय संयुक्त मर्जर समितिले गरी उक्त विषय दुवै बैंकको संचालक समितिबाट अनुमोदन/स्वीकृत भै सभामा अनुमोदनका लागि पेश भएकोमा सोको अनुमोदन एवं स्वीकृत गरियो ।

ग्लोबल आइएमई बैंक लिमिटेड र बैंक अफ काठमाण्डू लिमिटेड गाभ्ने/गाभिने (मर्जर) प्रयोजनका लागि मुल्याङ्कन कर्ताबाट तयार गरेको चल/अचल सम्पत्ति दायित्व तथा

कारोबारको मुल्याङ्कन प्रतिवेदन (Due Diligence Audit (DDA) बाट सिफारिस भै आएको शेयर स्वाप अनुपात (Share Swap Ratio) लाई बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ को विनियम ९ अनुसार शेयर स्वाप अनुपात संयुक्त मर्जर समितिले (Joint Merger Committee) पुनर्गणना गर्न सक्ने व्यवस्था बमोजिम साथै दुवै बैंक बिच मिति २०७९/०३/२ मा सम्पन्न समझदारी पत्र (MOU) को बुँदा नं.४ समेतका आधारमा संयुक्त मर्जर समितिले सिफारीस गरेको शेयर स्वाप अनुपात (Share Swap Ratio) अनुसार **बैंक अफ काठमाण्डू लिमिटेड**को १०० कित्ता शेयरलाई **ग्लोबल आइएमई बैंक लिमिटेड**को १०० कित्ता शेयर (अर्थात १:१) दिने गरी शेयर स्वाप अनुपात (Share Swap Ratio) कायम गर्ने सम्बन्धी बिशेष प्रस्ताव स्वीकृत गरियोस् भनी अध्यक्षज्यूले साधारण सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट उक्त विशेष प्रस्ताव स्वीकृत गऱ्यो साथै गाभ्ने गाभिने (मर्जर) प्रयोजनका लागि चार्टर्ड एकाउन्टेन्टस् फर्म श्री एस.आर.पाण्डे एण्ड कम्पनी (चार्टर्ड एकाउन्टेन्टस्) ले तयार गरेको Due Diligence Audit Report समेत स्वीकृत गरियो ।

(६) **ग्लोबल आइएमई बैंक लिमिटेड र बैंक अफ काठमाण्डू लिमिटेड गाभ्ने गाभिने (मर्जर) सम्बन्धी सम्झौतापत्र स्वीकृत गर्ने तथा मर्जर सम्बन्धी अन्य प्रकृया पुरा भएको हुँदा बैंक अफ काठमाण्डू लिमिटेड यस बैंकमा गाभ्न/गाभिन अन्तिम स्वीकृति प्रदान गर्ने ।**

ग्लोबल आइएमई बैंक लिमिटेड र बैंक अफ काठमाण्डू लिमिटेड गाभ्ने गाभिने (मर्जर) सम्बन्धमा अन्तिम सम्झौता समेत सम्पन्न भई मर्जर सम्बन्धी अन्य प्रकृया पुरा भएको हुँदा ग्लोबल आइएमई बैंक लिमिटेड र बैंक अफ काठमाण्डू लिमिटेड एकआपसमा गाभ्न/गाभिन अन्तिम स्वीकृति प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव स्वीकृत गरियोस् भनी अध्यक्षज्यूले साधारण सभा समक्ष बिशेष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट उक्त विशेष प्रस्ताव स्वीकृत गऱ्यो साथै ग्लोबल आइएमई बैंक लिमिटेड र बैंक अफ काठमाण्डू लिमिटेड गाभ्ने गाभिने (मर्जर) सम्बन्धमा मिति २०७९/०७/२८ मा सम्पन्न अन्तिम सम्झौता पत्र समेत स्वीकृत गरियो ।

(७) **बैंक अफ काठमाण्डू लिमिटेड यस बैंकमा गाभिए पछि मर्जर सम्बन्धी सम्झौता पत्र अनुसार बैंकको जारी तथा चुक्ता पुँजी बृद्धि हुने हुँदा सो बमोजिम हुने गरी प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्न, हेरफेर गर्न र उपयुक्त ब्यबस्था गर्न संचालक समितिलाई अख्तियारी दिने सम्बन्धी प्रस्ताव पारित गर्ने ।**

ग्लोबल आइएमई बैंक लिमिटेडले बैंक अफ काठमाण्डू लि.लाई गाभे (मर्जर) पछि मर्जर सम्बन्धी सम्झौता-पत्र अनुसार बैंकको जारी तथा चुक्ता पुँजी वृद्धि हुने हुँदा बैंकको हालको

जारी तथा चुक्ता पूँजी वृद्धि गर्न आवश्यक हुने हुँदा बैंक अफ काठमाण्डू लिमिटेडको मर्जर पश्चात मर्जर सम्बन्धी सम्झौता-पत्र अनुसार बैंकको जारी पुँजी रु.३५,७७,१०,५९,७१८।०० (पैतिस अर्ब सतहत्तर करोड दश लाख उनानसाठी हजार सात सय अठार रुपैयाँ मात्र) तथा चुक्ता पुँजी रु.३५,७७,१०,५९,७१८।०० (पैतिस अर्ब सतहत्तर करोड दश लाख उनान्साठी हजार सात सय अठार रुपैयाँ मात्र) हुने हुँदा सो बमोजिम हुने गरी पुँजी बृद्धि गरी प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्न र सो अनुसार मिलाउन र उपयुक्त ब्यबस्था गर्न संचालक समितिलाई अख्तियारी प्रदान गरियोस् भनी अध्यक्षज्यूले साधारण सभा समक्ष विशेष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट उक्त विशेष प्रस्ताव स्वीकृत गऱ्यो ।

(८) **ग्लोबल आइएमई बैंक लिमिटेडमा बैंक अफ काठमाण्डू लिमिटेड गाभिए पछि नियमनकारी निकाय वा कार्यालयबाट कुनै विषयमा थप संशोधन गर्न कुनै निर्देशन दिएमा सो समेत मिलाई संशोधन गर्न तथा मर्जर सम्बन्धमा गर्नु पर्ने अन्य सम्पूर्ण कार्यहरु गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।**

ग्लोबल आइएमई बैंक लिमिटेडले बैंक अफ काठमाण्डू लिमिटेड लाई मर्जर गर्ने सन्दर्भमा नियमनकारी निकाय वा कार्यालयबाट कुनै विषयमा थप वा संशोधन गर्न कुनै निर्देशन दिएमा सो समेत मिलाई संशोधन गर्न तथा मर्जर सम्बन्धमा गर्नु पर्ने अन्य सम्पूर्ण कार्यहरु गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गरियोस् भनी अध्यक्षज्यूले साधारण सभा समक्ष विशेष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट उक्त विशेष प्रस्ताव स्वीकृत गऱ्यो ।

**१४. धन्यबाद ज्ञापन तथा सभा बिसर्जन:**

छलफल तथा निर्णयको कम समाप्त भएपछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै शेयरधनीहरुबाट आवश्यक मार्गदर्शन प्राप्त भएकोमा तथा १६ औं वार्षिक साधारण सभा सफलता पूर्वक संचालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनीहरु, शेयर रजिष्ट्रार, लेखापरीक्षक तथा बैंक संचालन कममा सहयोग गर्ने सबै नियमनकारी निकाय, संचारकर्मी समेत सम्बन्धित सबैलाई धन्यबाद ज्ञापन गर्दै दिनको १.०० बजे सभा बिसर्जन गर्नु भयो ।

............ ............

बिष्णु प्रसाद बाँस्कोटा — कम्पनी सचिव

चन्द्र प्रसाद ढकाल — अध्यक्ष

मितिः२०७९/०८/२५